# झापा राजपत्र

झापा गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-१, सङ्ख्या-१ झापा राजपत्र, २०७६

भाग-१

नेपालको संवीधानको धारा ५७(४), २२६(१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम झापा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

## झापा गाउँपालिकाको आर्थिक ऐन, २०७६

सभामा पेश मिति:२०७६/०३/१०
स्वीकृत तथा प्रमाणिकरण मिति: २०७६/०३/२३
राजपत्रमा प्रकासन  मिति: २०७६/३/३१

**प्रस्तावना:**

झापा गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक ब्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संबिधानको धारा (२२६) को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) बमोजिम गाउँसभाले यो ऐन बनाईएको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम **"झापा गाउँपालिकाको आर्थिक ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गते बाट झापा गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

२. **सम्पति कर:** झापा गाउँपालिका क्षेत्र भित्र सम्पति करको क्षेत्राधिकार भित्र पर्ने करदाताहरू लाई **“अनुसूचि (१)”** बमोजिम सम्पति कर लगाईने र असुलउपर गरिनेछ । ***यस आ.व. लागु हुने छैन।***

३. **भूमिकर (मालपोत):** सम्पति करको दायरा भित्र नपर्ने झापा गाउँपालिका क्षेत्र भित्रका जग्गाको उपभोगका आधारमा “**अनुसूचि (२)”** बमोजिम भूमिकर (मालपोत) लगाईने र असूल उपर गरिनेछ। सम्पति कर लगाएको जग्गामा भूमि कर लाग्ने छैन।

४. **घरवहाल तथा जग्गा जमिन बहालकर** : झापा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संघ सस्थले भवन, घर, पसल, ग्यारेज, गोदाम, टमरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा वहालमा दिएकोमा त्यस्तो बहाल रकममा **“अनुसूचि (३)”** बमोजिम घरबहाल जग्गा जमिन बहाल कर लागाईन र असूल उपर गरिनेछ।

५. **ब्यापार ब्यवसाय कर**: झापा गाउँपालिका क्षेत्रभित्र ब्यापार, ब्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **“अनुसूचि ४”** बमोजिम ब्यापार ब्यवसाय कर लगाईने र असूल उपर गरिनेछ।

६. **पूर्वाधार सेवा शुल्क** *तथा अन्य सुल्कहरु* :: झापा गाउँपालिका क्षेत्रभित्र दर्ता भएका गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने सवारी साधनमा **“अनुसूचि (५)”** बमोजिम सवारी साधन कर तथा पूर्वाधार सेवा शुल्क लगाईने र असुलउपर गरिनेछ।

७. **विज्ञापन कर:** झापा गाउँपालिका क्षेत्रभित्र हुने वा गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने विज्ञापनमा **“अनुसूचि (६)”** बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ।

८. **मनोरञ्जन कर:** झापा गाउँपालिका क्षेत्रभित्र हुने वा गाउँपालिकाको क्षेत्राधिकार भित्र मनोरञ्जन ब्यवसाय सेवमा **“अनुसूचि (७)”** बमोजिम मनोरञ्जन ब्यवसाय कर लगाईने र असुल उपर गरिनेछ

९. **बहाल बिटौरी कर तथा शुल्क:** झापा गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा **“अनुसूचि-८”** बमोजिममा उल्लेख भए अनुसार बहाल विटौरी कर तथा शुल्क लगाईने र असुल उपर गरिनेछ।

१०. **प्राकृतिक श्रोत यपयोग कर**: झापा गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संघ सस्थाले प्रचलित कानूनले निषेध गरिएका बाहेक तथा गाउँपालिकाको क्षेत्राधिकार भित्रका **प्राकृतिक श्रोत सँग सम्बन्धित** बस्तुमा **“अनुसूचि-९”** बमोजिम कर लगाईने र असुल उपर गरिनेछ।

**११ हाटबाजार कर:** झापा गाउँपालिका क्षेत्रभित्र साप्ताहिक तथा दैनिक रुपमा लाग्ने हाट बजारमा विकि वितरण हुने बस्तु तथा सेवामा **"अनुसूचि-१०"** बमोजिममा हाटबजार कर लगाईने र असुल उपर गरिनेछ ।

**१२. पार्किङ शुल्क:** झापा गाउँपालिका क्षेत्रभित्र कुनै सवारीका साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **"अनुसूचि-११"** बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१३. पर्यटन शुल्क:** झापा गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण गरेका उद्यान, पार्क, चिडियाखान, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहायलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरूबाट **"अनुसूचि-१२"** मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१४. दस्तुर, सिफारिस तथा सेवा शुल्क:** झापा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका **"अनुसूचि-१३"** मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्रही बाट सोही अनुसूचिमा व्यवस्था भए अनुसर दस्तुर, सिफारिस तथा सेवा शुल्क लगाईन र असुल उपर गरिनेछ ।

**१५. दण्ड सजाय, जरिमाना तथा कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा संघ संस्थाहरूलाई सम्बन्धित कर शिर्षकहरूका **"अनुसूचि-१४"** मा उल्लेख भए बमोजिमको दण्ड सजाय, जरिमाना लगाईने र असुल उपर गरिनेछ साथै सम्बन्धित अनुसूचिको विषयगत शिर्षक  र नोट मा उल्लेख भए बाहेक कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१६.** अनुसुचिमा उल्लेख नभएका करका दर को सम्वन्धमा साविकमा कायम भएको करको दर लागु हुने छ । साविकमा समेत उल्लेख नभएका र विवादित करका दर दायरा र क्षेत्रको सम्बन्धमा गाउँ कार्यपालिकाले कर निर्धारण गरेमा यसै ऐन सरह भएको मानी आगामी गाउँ सभावाट अनुमोदन गरिनेछ ।

**१७. कर तथा शुल्क सङ्कलन तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि:** यो ऐनमा भएको ब्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

प्रमाणीकरण मिति २०७६/३/२३

*आज्ञाले:*
*गणेशराज कार्की*
*प्रमुख प्रशासकिय अधिकृत*